बैठक संख्या:

श्री:

आज मिति २०७६ साल चैत्र २५ गते दिउसो ३:०० बजेट प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं: | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |

| | | | |
|---|---|---|---|
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (।।हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सचिव |
| | | व्यवस्थापन टोली | |
| | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| २९. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१ | | कृष्ण वहादुर थापा क्षेत्री | सहायक पाँचौ |

**प्रस्तावहरु:**

१. दोस्रो चरणको राहत वितरण सम्बन्धमा ।
२. राहत वितरण तथा औषधी जन्य सामाग्री खरिद सम्बन्धमा ।
३. आय-व्यय सम्बन्धमा ।
४. कार्ययोजना सम्बन्धमा ।
५. धन्यवाद सम्बन्धमा ।

*निर्णय नं. १*

प्रस्ताव नं. १ माथि छलफल गर्दा विश्वभर फैलिएको माहामारी नोभेल कोरोना भाइरस ( कोभिड-१९) को कारणले नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधिमा नगरक्षेत्र भित्र बसोबास गर्ने दैनिक ज्याला मजदुरी गर्ने पिडित घर परिवारको प्रथम चरणमा संकलित घरधुरी विवरण अनुसार निजहरुलाई दोस्रो चरणको यथार्थ राहत वितरण गर्न घरधुरी संख्यात्मक विवरण सवै वडा कार्यालयहरुले यथाशीघ्र पेश गर्ने निर्णय गरियो ।

*निर्णय नं. २*

प्रस्ताव नं. २ माथि छलफल गर्दा विश्वभर फैलिएको माहामारी नोभेल कोरोना भाइरस ( कोभिड-१९) को कारणले नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधिमा नगरक्षेत्र भित्र बसोबास गर्ने दैनिक ज्याला मजदुरी गर्ने पिडित घर परिवारको संकलित घरधुरी विवरण अनुसार निजहरुलाई राहत वितरण गर्ने साथै स्वास्थ्य संग सम्बन्धित अत्यावश्यक औषधी तथा सामाग्रीहरु खरिद गर्ने योजना अनुसारको कार्य गर्न प्रकोप व्यवस्थापन कोषमा हाल सम्म जम्मा भएको सहयोग रकमबाट खर्च गर्दै जाने निर्णय गरियो ।

*निर्णय नं. ३*

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रकोप व्यवस्थापन कोषमा हाल सम्म प्राप्त भएको नगद तथा जिन्सी आय-व्ययको विवरण देहाय वमोजिम जानकारी लिईयो ।

तपशिल

| क्र.सं. | विवरण | नगद रु | जिन्समी सामान रु. | खर्च रकम रु. |
|---|---|---|---|---|
| १. | आय-व्यय<br><br>(जनप्रतिनिधी र कर्मचारी समेतको गरी) | २१६७१५५/- | चामल- ६६२५ के.जी<br>दाल-२०० के.जी<br>नून-२०० पोका<br>तेल -५५ लिटर<br>सावून-२०४ वटा<br>क्लोरिन र ब्लीचिङ्ग पावडर-१२५ के.जी | १०५००००/- |

*निर्णय नं. ४*

प्रस्ताव नं. ४ माथि छलफल गर्दा विषयमा विश्वभर माहामारीको रुपमा फैलिएको नोभल कोरोना भाइरस (कोभिड-१९) को संकमण, रोकथाम तथा नियन्त्रण गरी सम्भावित संक्रमण, फैलावट र त्यसबाट निम्तिन सक्ने विपद् व्यवस्थापनका सम्बन्धमा बच्न एवम न्यूनिकरण गर्न र नगर क्षेत्र भित्र फैलन नदिन देहायवमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

- वडास्तरमा दुग्ध उत्पादन तथा बिक्रिवितरणमा ग्राहकहरु बीच भौतिक दूरी कायम हुने गरी नियमित रुपमा सञ्चालन गर्न सहजीकरण गर्ने ।
- ठूला खाद्य स्टोर तथा पसलहरुलाई अनिवार्य रुपमा मूल्यसूचि टास्न लगाउने । मूल्यसूचि टास्न अटेर गरेमा नजिकको प्रहरी कार्यालयमा तत्काल जानकारी गराउने
- ठूला खाद्य स्टोर तथा पसलहरुले आवश्यक खाद्यवस्तुहरु र गैह्र सामाग्रीहरुको नियमित आपूर्तिको अभाव देखाई मूल्यवृद्धि गर्ने वा कालावजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून वमोजिम नियन्त्रणमा लिई कारवाही गरि उक्त सामाग्री जफत गरी रोगको रोकथाम र उपचार कार्यमा प्रयोग गर्ने कानूनी व्यवस्था भएकोले त्यस किसिमका कामकार्वाहीहरु लाई हुन नदिन सम्बन्धीत वडा कार्यालय/उद्योग वाणीज्य संघ/व्यापार संघ/वजार समिति को समन्वयमा स्थानीय प्रहरीको संलग्नतामा नियमित अनुगमन गर्ने ।
- महिला स्वास्थ्य स्वयसेविकाहरुबाट दैनिक ज्यालादारी गर्ने पिडित घर परिवारहरुको जानकारी लिने र नियमित रुपमा सचेतनामूलक घरदैलो अभियान संचालन गर्ने ।
- विदेशबाट आई आफ्नै घरमा वसि रहनुभएका महानुभाव एव्म वहाँका परिवारजनहरु, छरछिमेक कतै पनी घुमफिर गरे/नगरेको नियमित रुपमा जानकारी लिन समबन्धित स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वयमसेविकालाई परिचालन गर्ने ।
- आपूर्ति व्यवस्थापनलाई सहज बनाउन हरेक वडामा वडाअध्यक्षको संयोकत्वमा स्थानीय प्रहरीको प्रतिनिधीत्व हुने गरी समिति गठन गर्ने ।
- यस नगरपालिका अर्न्तगत बसोबास गर्ने विपन्न समुदायलाई न्यूनतम जीवनयापन सहज हुने गरी व्यवस्था मिलाउन यस नगरपालिकाको एन. आई.सी. एसिया बैंकमा रहेको प्रकोप व्यवस्थापन कोष खाता नम्वर ८३४१४९८४८२५२४००७ मा ईच्छुक व्यक्ति, निकाय, संघ/संस्था नगरवासी तथा सरोकारवाला सबैलाई सहयोग गर्न आह्वान गर्ने र वडास्तरमा सरोकारवालाहरु संगको समन्वयात्मक बैठक राखी आर्थिक संकलन गर्ने अभियान संचालन गर्ने ।
- सहायताको नाममा कसैले पनि चन्दा उठाउन वा आफूखुशी वितरण गर्न नपाउने ।

*निर्णय नं. ५*

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विश्वभर फैलिएको माहामारी नोभेल कोरोना भाइरस (कोभिड-१९) को ईच्छुक व्यक्ति, विभिन्न निकाय/संघ-संस्था/बैंकर्स/उद्योगी, व्यापारी/सामुदायिक एवम संस्थागत विद्यालय/सहकारी/सरोकारवाला/नगरवासीहरुबाट यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा नगद तथा जिन्सी सहयोग गरी आर्थिक संकलन अभियानलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकोले सहयोगी हातहरुलाई नगरपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।